दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २० | बुटवल | २०८२ पौष ३० गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday January14, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


# ग्यास सिलिण्डर पड्किंदा भारतमा नौ जना नेपालीको मृत्यु



बुटवल । भारतको हिमाञ्चल प्रदेशमा ग्यास सिलिन्डर विस्फोट हुँदा सल्यानस्थित एकै गाउँका नौ जना नेपालीको मृत्यु भएको छ ।

हिमाचल प्रदेशस्थित सोलान जिल्लाको अर्की बजारमा ग्यास सिलिन्डर विस्फोट हुँदा सल्यानस्थित सिद्धकुमाख गाउँपालिका-२ टाकुराका दुई परिवारका नौ जनाको मृत्यु भएको हो ।

सिद्धकुमाख गाउँपालिका-२ का वडाध्यक्ष मेकबहादुर बुढाथोकीका अनुसार यही पुस २७ गते राति टाकुराका २ परिवारका ९ जना सदस्यको ग्यासको सिलिन्डर विस्फोटपछि भएको आगलागीमा परी निधन भएको हो ।

मृतकमा ३३ वर्षीय धनबहादुर विक, उनकी श्रीमती ३२ वर्षीया कविता विक, छोरी १६ वर्षीया राधा विक, अर्की छोरी १० वर्षीया रेणुका विक र छोरा २२ महिनाका राजन विक छन् ।

यसैगरी अर्को परिवारका ४६ वर्षीय काशीराम विक, उनकी श्रीमती ३२ वर्षीया टीका विक, छोरी ११ वर्षीया अनु विक र छोरा ७ वर्षीय किरण विकको मृत्यु भएको वडाध्यक्ष बुढाथोकीले बताए ।

उनीहरू सुतिरहेको कोठामा राखिएको ग्यास सिलिन्डर अचानक विस्फोट भएको जानकारी पाइएको वडाध्यक्ष बुढाथोकीले जानकारी दिए ।

उनका अनुसार विस्फोटपछि आगलागी भएर वरपरका घरसमेत जलेका छन् ।

मृतकमध्ये केहीको शव जलेर नचिनिने अवस्था रहेको उनले बताए ।

यस्तै धनबहादुर विक र काशीराम विकको परिवार २ वर्षदेखि रोजगारीका लागि भारतको हिमाञ्चलमा थिए ।

उनीहरूका परिवार अर्की बजारमा ज्याला मजदुरी गर्थे । एकै गाउँका ९ जनाको एकैपटक मृत्यु भएपछि सिद्धकुमाख गाउँपालिका वडा नम्बर २ यतिबेला गहिरो शोकमा डुबेको छ ।

## कांग्रेस विशेष महाधिवेशन :
# नेतृत्व चयन गर्न आज मतदान




**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेसको विशेष महाधिवेशनअन्तर्गत नयाँ नेतृत्व चयनका लागि आज (बुधबार) मतदान हुने भएको छ । निर्वाचन समितिले मंगलबार साँझ साढे ७ बजेसम्म उम्मेदवारी दर्ताको कार्यक्रम तय गरेको थियो ।

निर्वाचन समितिका संयोजक सीताराम केसीका अनुसार रातिमा मतदान गर्न उपयुक्त नहुने भएकाले बुधबार बिहान मतदान हुन लागेको हो । तर राति नै संस्थापन पक्षसँग सहमति भएमा निर्वाचन स्थगित हुन सक्ने उत्तिकै सम्भावना छ । विशेष महाधिवेशनको बन्दसत्रमा महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले प्रस्तुत गरेको प्रतिवेदनमा समूहगत छलफलबाट आएका सुझावहरू टोली नेताले मंगलबार प्रस्तुत गरेका छन् ।

मंगलबार भएको बन्द सत्रमा महामन्त्री थापा र शर्माले सोमबार समसामयिक, सुशासन र रुपान्तरण प्रतिवेदन पेश गरेका थिए । विशेष महाधिवेशनको तेस्रो दिनको बैठकमा प्रतिवेदन माथि आएका सुझावहरू प्रस्तुत गरिएको छ ।

गण्डकीका सभापति शुक्रराज शर्माले वर्तमान नेतृत्वले ५४ प्रतिशतले विशेष महाधिवेशन वेबास्ता गरेको हुँदा नयाँ नेतृत्व चयन गर्नुपर्ने धारणा राखे ।

कार्यकर्ता एवं जनताले कांग्रेसको नयाँ नेतृत्व खोजेको हुँदा अब नयाँ शिराबाट जानु पर्ने शर्माको जोड थियो । कांग्रेसले आफूलाई सुधार्न सके अजय शक्तिको रुपमा देखिनेमा शर्माले विश्वास व्यक्त गरे ।

चुनावी गठबन्धन गरेर अर्काको बैशाखी टेक्दा कांग्रेसको प्रभाव घट्दै गएको शर्माको धारणा थियो । जेनजी आन्दोलनका क्रममा भएको घटनाप्रति क्षमा माग्दै अब कांग्रेसले अगाडिको बाटो तय गर्नुपर्ने बताए । शर्माले हिन्दू राष्ट्र कायम हुनुपर्ने माग समेत बन्दसत्रमा सुनाए । बाँकेका सभापति नारायण पौडेलले देशले परिवर्तन खोजेको बताउँदै नेतृत्व चयन गरेर विशेष महाधिवेशन सकिनुपर्ने विचार राखे ।

लुम्बिनी प्रदेशका तर्फबाट गुल्मीका सभापति खिलध्वज पन्थीले धारणा राख्दै गगन र विश्वलाई कार्यकर्ताहरूले किन मागिरहेका छन् भन्ने कुरा सभापति शेरबहादुर देउवाले बुझ्नुपर्ने बताए ।

महामन्त्री विश्वप्रकाश शर्माको प्रतिवेदनमा सुझाव दिँदै पन्थीले सिंहदरबारका कर्मचारीलाई सुशासनको पाठ पढाउनुपर्नेमा जोड दिए । पन्थीले भने-'आज पहाडका गाउँहरु रित्तिएका छन् । युवाहरूलाई गाउँमै सीप र रोजगारी पाउने खालको शिक्षाको व्यवस्था हुनुपर्दछ ।'

पाल्पा जिल्ला सभापति हिमालदत्त श्रेष्ठले विशेष महाधिवेशनले नीति र नेतृत्व दुबै पारित गर्नुपर्ने धारणा बन्दसत्रमा राखेका छन् । चुनावी गठबन्धन नगर्ने स्पष्ट नीति हुनुपर्ने जोड दिँदै श्रेष्ठले पार्टीभित्र आन्तरिक निर्वाचन कमिटी बनाउनुपर्ने विचार राखे ।

गोरखा सभापति नन्दु न्यौपानेले नेताको चयन र सहभागिता कामको आधारमा गर्नुपर्ने धारणा राखे । पार्टीमा नीति र नेतृत्व दुवै परिवर्तनको माग किन उठिरहेको छ भन्ने मुख्य प्रश्न रहेको उनले बताए । न्यौपानेले भने,-'विशेष महाधिवेशनले कांग्रेस फुटाउने होइन जोड्ने काम गर्दछ । नेताहरूले दूरदृष्टि राख्दै बाहिर रहेका कांग्रेसका नेता कार्यकर्तालाई समेट्नु पर्दछ ।'

बन्दसत्रमा नेता कार्यकर्ता तल्लो तहमा काम गरेका व्यक्तिले समेत सार्वजनिक पदमा जिम्मेवारी पाउने व्यवस्था गर्नुपर्ने सुझाव समेत दिइएको छ ।

लुम्बिनीका उप-सभापति भुवन श्रेष्ठले माथिल्लो पार्टी संरचनामा रहेकाले मात्रै सार्वजनिक पदमा जाने परिपाटी भइरहेको भन्दै परिवर्तनका लागि सुझाव पेस गरे ।

कास्कीका सभापति कृष्णदत्त बरालले विशेष महाधिवेशनले नयाँ प्रस्ताव लिएर आएको उल्लेख गर्दै विगतमा कांग्रेसको राजनीतलाई पुनः परिभाषित गर्न आवश्यक रहेको बताए ।

लोकतन्त्र सत्ता प्राप्तिको खेल नभई आफ्नै सिद्धान्त र मुल्यमा उभिनुपर्ने राजनीति अगाडि बढाउनुपर्ने विचार राखे । कांग्रेसलाई आधुनिक, समावेशी र लोकतान्त्रिक बनाउनु जरुरी रहेको बरालले बताए ।

मधेशबाट सहभागी नेतृ मुक्ता यादवले नीति र नेतृत्व परिवर्तनमा जोड दिइन् । भावी प्रधानमन्त्रीमा गगन थापालाई अघि सारेर जानुपर्ने विचार उनको थियो । यादवले भनिन्-'अबकि बार, गगन सरकार भनेर चुनावमा जानुपर्छ ।'

बागमती प्रदेशकी सीता मिजारले महामन्त्री विश्वप्रकाश शर्माले पेश गरेको प्रतिवेदनमा सुझाव दिँदै संघ र प्रदेशमा कति पटक मन्त्री वा सांसद हुन पाउने भन्ने व्यवस्था स्पष्ट हुनुपर्ने बताइन् ।

महामन्त्री गगन थापाको प्रतिवेदनको ९ को 'क' र 'ग' मा दलितको व्यवस्था राख्न छुटेको भन्दै समावेश गर्न सुझाव उनले पेस गरिन् । संविधानमा दलितहरूको विषय धेरै ठाउँमा छुटेको भन्दै परिमार्जन गर्नुपर्ने उनले बताइन् ।

कर्णालीका प्रतिनिधिले हर्ष बमले जसको नीति उसैको नेतृत्व हुनुपर्ने धारणा राख्दै हलबाटै नेतृत्व चयन गर्नुपर्ने सुझाव राखे । वार्ता र संवादका नाममा अँध्यारो कोठाभित्र जालझेल हुनसक्ने भन्दै खबरदारी गर्नुपर्ने बताए ।

मधेसका प्रतिनिधि वीरेन्द्र साहले मधेश प्रदेशका वीरेन्द्र साहले संघीय बजेट जनसंख्याको आधार हुनुपर्ने बताए । प्रदेशमा क्लष्टरको आधारमा निवार्चन प्रणाली हुनुपर्ने उनको विचार थियो । पार्टीको तर्फबाट मन्त्री पदमा गएकाहरूको सम्पत्ति छानबिन हुनुपर्ने उनको भनाइ छ । पार्टीबाट कारबाहीमा परेका व्यक्तिलाई कम्तीमा एक वर्ष निलम्बनमा राख्नुपर्ने साहले बताए ।

# कमजोरीको समीक्षा आवश्यक : प्रचण्ड



बुटवल । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल प्रचण्डले देश असाधारण परिस्थितिबाट गुज्रिरहेको भन्दै परम्परागत राजनीतिक संस्कारले मात्रै मुलुकमा उत्पन्न चुनौतीको सामना गर्न नसकिने बताएका छन् ।

मंगलबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडा आयोजित पार्टी केन्द्रीय सदस्यहरूको शपथ ग्रहण समारोहलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । नयाँ विचार, नयाँ कार्यक्रम र नयाँ पहलकदमीमार्फत् मात्रै वर्तमान राजनीतिक संकटको सामना गर्न सकिने उनको भनाइ छ । सबै राजनीतिक दलहरूले विगतका कमजोरीबारे आत्मसमीक्षा गर्न आवश्यक रहेको उल्लेख उनले गरे ।

'सबै राजनीतिक दलहरूले आत्मसमीक्षा गरेर विगतमा के कमजोरी भए भन्ने कुराको मूल्यांकन गर्न जरुरी छ । हामी त्यो निष्कर्षमा पुग्यौं र हाम्रो भागमा परेको कमजोरीको समीक्षा पनि गऱ्यौं । हामी संकल्प लियौँ कि ती कमीहरू अब सच्याउनुपर्छ र रुपान्तरित हुनुपर्छ भन्ने निष्कर्ष निकाल्यौँ । यो असाधार परिस्थितिको सामना नयाँ विचार, नयाँ कार्यक्रम र नयाँ पहलकदमीद्वारा मात्रै लिन सकिन्छ ।'- प्रचण्डले भने ।

नेकपाले विगतमा आफ्नोतर्फबाट भएका कमजोरीको समीक्षा गरी अब ती कमजोरी सच्याउँदै रुपान्तरणको मार्गमा अघि बढ्ने संकल्प लिइसकेको पनि उनले दाबी गरे ।

मुलुकले सामना गरिरहेको परिस्थितिमा राष्ट्रिय एकता सुदृढ गर्ने र राष्ट्रिय स्वाधिनतालाई मजबुत बनाउने उद्देश्यसहित पार्टी एकता प्रक्रियालाई अगाडि बढाइएको उनले दोहोऱ्याए ।

'परम्परागत ढंगले चल्ते चलाते ढंगले मात्रै मुलुकमा उत्पन्न परिस्थितिको सामना गर्न सकिँदैन । राष्ट्र जुन असाधारण अवस्थाबाट गुज्रेको छ यो समयमा राष्ट्रलाई थप एकताबद्ध गर्ने, एकता सुदृढ गर्ने र राष्ट्रिय स्वाधीनतालाई सुदृढ गर्नको लागि नितान्त नयाँ संकल्पसहित पहलकदमी लिन जरुरी छ भन्ने निष्कर्षका साथ हामीले पार्टीले पार्टी एकता प्रक्रियालाई लियौं ।'- उनले भने ।

# भूकम्पीय जोखिम कम गर्न नवीन प्रविधि र पूर्व तयारी अनिवार्य : मुख्यमन्त्री आचार्य




बुटवल । नेपाल विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) र न्यू होराइजन स्कुल बुटवलको सहकार्यमा बुटवलमा भूकम्प सिकाइ प्रदर्शनी सुरु भएको छ । प्रदर्शनीको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गरेका छन् । सो अवसरमा बोल्दै उनले भूकम्पबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न नवीनतम प्रविधि र सीप सिकाइलाई अवलम्बन गर्न आवश्यक भएको बताए । मुख्यमन्त्री आचार्यले भूकम्पको विपद् पूर्व सूचना गरेर नआउने भएकाले पूर्व तयारी र सतर्कता सधैं चुस्त राखिनु पर्नेमा जोड दिए ।

'यसलाई सिकाइको रूपमा लिन जरुरी छ । भावी दिनमा हुन सक्ने भूकम्पीय क्षति कम गर्न, भूकम्पबाट कसरी बच्ने र बचाउने भन्ने ज्ञान आत्मसात गर्न आवश्यक छ,' उनले भने-'हामीले विगतमा धेरै क्षति बेहोरेका छौं । भावी दिनमा क्षति दोहोरो नहोस् भन्ने उद्देश्यले सरकार सधैं पूर्व सतर्कता र तयारीमा संवेदनशील रूपमा काम गरिरहेको छ ।' उनले आर्जित ज्ञानलाई सतर्कता र तयारीको काममा प्रभावकारी रूपमा प्रयोग गर्नुपर्नेमा जोड दिए । विद्यार्थीहरूले गरेको खोज तथा अनुसन्धानको उनले प्रशंसा पनि गरे ।

विद्यार्थी, शिक्षक तथा स्थानीय समुदायमा भूकम्पसम्बन्धी वैज्ञानिक ज्ञान विस्तार गर्दै जोखिम न्यूनीकरणका उपायप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा लुम्बिनी प्रदेशका करिब ३५ वटा विद्यालयका ४ हजार विद्यार्थी तथा शिक्षकहरूको सहभागिता रहेको छ । नास्टका प्रविधि संकाय प्रमुख डा. सुरेशकुमार ढुंगेलले नेपाल भूकम्पीय जोखिमयुक्त मुलुक भएकाले विद्यालय तहदेखि नै वैज्ञानिक जानकारी र व्यवहारिक तयारी आवश्यक हुने बताए । यसको लागि यस्ता प्रदर्शनात्मक कार्यक्रम अत्यन्त उपयोगी हुने उनको भनाइ छ । भूकम्पीय जोखिम न्यूनीकरणका लागि दीर्घकालीन रणनीति आवश्यक रहेको उल्लेख गर्दै उनले यस्ता प्रशिक्षणले विद्यार्थी तथा शिक्षकलाई वैज्ञानिक आधारमा बुझ्ने क्षमता विकास गर्ने र आपतकालीन अवस्थामा सही निर्णय लिन मद्दत पुऱ्याउने विश्वास व्यक्त गरे ।

न्यू होराइजन स्कुलका प्राचार्य लोकनाथ उपाध्यायले विद्यालय केवल पठनपाठनको केन्द्र मात्र नभई जीवन उपयोगी ज्ञान सिक्ने स्थल भएकाले नास्टसँगको सहकार्यले विद्यार्थीहरूमा भूकम्पीय सचेतना र व्यवहारिक सीप विकासमा ठूलो योगदान पुग्ने बताए ।

वरिष्ठ भूकम्पविद डा. लोकविजय अधिकारीले भूकम्प पूर्वतयारी र सही सूचना नै क्षति न्यूनीकरणको मूल आधार रहेको बताए । भूकम्प कहिले आउँछ भन्ने थाहा नपाए पनि आउँदा कसरी सुरक्षित रहने भन्ने ज्ञान सिकाउन आवश्यक भएको उनको भनाइ छ । भूकम्पविद डा. शिव सुवेदीका अनुसार कार्यक्रममा भूकम्पको उत्पत्ति, प्लेट टेक्टोनिक्स, नेपालमा देखिने भूकम्पीय प्रवृत्ति, सुरक्षित संरचना निर्माण तथा व्यक्तिगत सुरक्षाका उपायहरू प्रदर्शन गरिएको न्यू होराइजनका शिक्षक मुक्ति पौडेलले बताए ।

उद्घाटन कार्यक्रम न्यू होराइजन संस्थाका उपााध्यक्ष निर्मल लाकौलको अध्यक्षता र शिक्षिका कल्पना कुसुमको सञ्चालनमा भएको थियो ।




## सम्पादकीय

# पेट्रोलमा इथानोलः अब ढिलाइ गर्न हुन्न

नेपाल आयल निगमले पेट्रोलमा इथानोल मिसाएर आयात घटाउने योजना बनाएको छ । लामो समयदेखि पेट्रोलमा इथानोल मिसाउने भनिएपनि सरकारले निर्णय नगर्दा अघि बढ्न सकेको थिएन् । मन्त्रिपरिषद्ले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२ स्वीकृत गरसँगै पेट्रोलमा इथानोल मिसाउने योजना कार्यान्वयन हुन लागेको हो ।

सरकारले २०६० सालमा नै २० प्रतिशत इथानोल मिसाउनेबारे निर्णय गरेको थियो । सरकारले निर्णय गरेको २२ वर्षपछि निर्णय कार्यान्वयनमा आउने गरी प्रक्रिया बढ्नु जति सकारात्मक छ, निर्णय कार्यान्वयनमा लागेको समयले धैरै प्रश्न खडा गरेको छ । पेट्रोलमा इथानोल मिसावट गर्दा मुलुकको हितमा छ भन्ने निष्कर्ष निस्केपछि निर्णय कार्यान्वयन गर्न के अप्ठ्यारो आइलाग्यो ? यति लामो समय निर्णय कार्यान्वयनको लागि बिताउनु पर्दा मुलुकले लाभ कसरी लिनसक्छ ? यी प्रश्नको उत्तर खोजेनौं भने मुलुक सही दिशाम अघि बढ्दैन् ।

मुलुक अहिले शतप्रतिशत आयातित पेट्रोलमा निर्भर छ । इथानोलको प्रयोग सुरु भए यसले आयात प्रतिस्थापन गर्ने छ । र, विदेशी मुद्रा सञ्चिति बढ्ने छ । इथानोल जैविक ऊर्जा हो । यो विभिन्न कृषिजन्य कच्चापदार्थबाट उत्पादन हुन्छ । उखुबाट चिनी बनाउँदै गर्दा तयार हुने मोलासिससबाट पनि इथानोल बनाइन्छ । विज्ञहरूका अनुसार, अहिले सम्भावित कच्चापदार्थ सिमलतरुलको फार्मिङ गरी प्रशोधन गरेर पनि इथानोल तयार गर्न सकिन्छ। ९९दशमलव ५ प्रतिशत शुद्धता भएको इथानोल पेट्रोलमा राख्ने गरिन्छ । इथानोल नेपालका लागि नयाँ विषय भए पनि पेट्रोल उत्पादन हुने अन्य मुलुकमा यसको प्रयोग बढ्दै गएको छ । भारतले २० प्रतिशत इथानोल मिश्रित पेट्रोल बिक्रीवितरण गर्दै आएको छ ।

पेट्रोलमा १० प्रतिशत इथानोल मिसावट गर्दा दैनिक दुई लाख लिटर इथानोल आवश्यक पर्ने नेपाल आयल निगमका अधिकारीहरूको भनाइ छ । अहिले चिनी मिलहरूले ५० हजार लिटर दैनिक इथानोल उत्पादन गरिरहेका छन् । उद्योगीहरूले उपलब्ध गराउन सक्ने इथानोलका आधारमा कति मिसावट गर्ने भन्ने टुंगो लगाइने छ । इथानोल मिसाएको पेट्रोलको मूल्य सस्तो हुने र वातावरणमैत्री हुने भएकाले अब प्रक्रियागत काममा ढिलाइ गर्न हुन्न ।

इथानोल बनाउने कच्चापदार्थ किसानले उत्पादन गर्ने भएकाले उनीहरूको आयआर्जन बढ्छ । किसानबाट प्राप्त कच्चापदार्थ प्रशोधन गर्न ठूलो लगानी आवश्यक पर्ने भएकाले लगानी र रोजगारी श्रृजना हुन्छ । यसले मुलुकको विकासमा नयाँ सम्भावनाको ढोका खोलेको छ । पेट्रोलमा इथानोल मिसाउने निर्णय कार्यान्वयनमा भएको ढिलासुस्तीबाट पाठ सिक्दै अब कार्यान्वयनमा लैजान बहाना बनाउने छुट छैन । राज्यप्रति नागरिकको अपनत्वबोध यस्ता निर्णयको छिटो कार्यान्वयन र प्राप्त प्रतिफलबाट सम्भव छ ।

# नेपालका राजनीतिक पार्टीहरू र पुराना विर्तावालहरूको चरित्र



झपेन्द्र जिसी

प्रश्नहरु उठेर के गर्नु ? आनीबानी सबै पुरानै छन् । लोकतान्त्रिक पद्धति भनेर पलपल जपे पनि ती आफूलाई निर्णयकर्ता ठान्ने नेताहरुले ठाडठाडै भन्ने गर्दछन्- मैले भनेपछि भयो । मैले जे भन्छु मान्नु पर्छ । यो नै निर्णय गर्ने लोकतान्त्रिक पद्धति हो ।

राजा गिर्वाण युद्धविक्रम शाहको पालादेखि देशभक्तिपूर्ण काम गर्दागर्दै वीरत्व प्राप्त गर्ने योद्धाहरुलाई स्याबासी स्वरूप जग्गा विर्ता दिइन्थ्यो । यसै जग्गाबाट देशभक्त योद्धाहरुको सन्ततिहरुले जग्गा कोरेर भरणपोषण गर्दथे । त्यो बेला सिपाही सेनालाई तलब दिन सकिंदैन्थ्यो । पृथ्वीनारायण शाहले पनि नगद तलब होइन, जग्गा नै दिने गर्दथे । यो प्रचलनलाई राम्रै भनिन्थ्यो र अहिले पनि मान्नु पर्छ भन्ने लाग्छ ।

तर पछिल्ला दिनहरुमा राज्य सत्तामा ब्राह्मणहरूको हाली मुहाली भएपछि राजाको चाकडी गरेर ब्राह्मणहरूले थुप्रै जग्गा पाए । जग्गाको मालिक भए । यस्ता जग्गाका मालिकलाई विर्तावाल भनिन्थ्यो । नेपालमा यसरी हजारौं मानिसहरू जग्गाका अधिपति अर्थात् विर्तावाल भए । यी विर्तावालमाथि ढाँड खिदिमका गौतम परिवार पनि विर्तावाला हुन् । देशभक्तिपूर्ण आन्दोलनमा नलागे पनि वा योगदान नगरे पनि ब्राह्मण भएकै कारण ढाँड खिदिम पोखराथोकका हरिहर गौतमले पूर्वतर्फ पाल्पाको छहरा भुवन पोखरीसम्म, पश्चिममा कुखुरे देउरालीदेखि धातीवाङ र दक्षिणतर्फ ढाँड मैदान पटौटी बाडुङ्गा दक्षिणतर्फको तलहट्टीसम्म उत्तरमा रिडी खोला, दौघासम्म उनको विर्ता रहेछ । एक दिनको कुरा हो । वामपन्थी वाङ्मयका महारथी मोदनाथ प्रश्रितले मलाई पातलो पुस्तक 'रैतीको पनि इतिहास हुन्छ ।' भन्ने पुस्तक दिँदै भन्नुभयो-हेर्नुस् जिसीजी हुन त हामीहरु हरिहर गौतमकै इर्दगिर्द्धेका मानिस हौं एक खालले उनकै सिता खाएका मान्छे भने पनि हुन्छ । तर विर्तावालहरुको साह्रै स्वेच्छाचारिता र निरंकुशता हुन्थ्यो । माथि उल्लिखित गौतम विर्ताको फेरो भित्र रहने बस्ने रैतीहरु विर्तावालको इच्छा मुताविक चल्नु, बस्नु पर्दथ्यो । अन्यथा गरे गिरफ्तार गरी घरबासविहीन बनाउने, आफ्नै घरको कोठामा थुन्ने गर्दथे । यिनका ज्यादतीका विरुद्धमा बोल्न सक्ने कोही थिएन । बोले त गोर्खे लौरी लाइहाल्थे । गरी खाने जग्गा खोसिहाल्थे विर्तावालले । त्यसैले विर्तावाल भनेपछि ती रैतीहरु तैं चुप मै चुप हुन बाध्य थिए । सामन्ती व्यवस्थाको परकाष्ठा कस्तो हुन्छ भन्ने यो नमूना नै थियो ।

स्मरण रहोस्- पोखराथोकको हरिहर संस्कृत पाठशाला उनकै नामबाट स्थापित र सञ्चालित थियो । र एकखाले भन्ने हो भने उनी यो क्षेत्रका शिक्षा विकासका प्रतिमूर्ति थिएन भनेर पनि मान्नुपर्छ । तै पनि बाघको छोरो डमरूले बाघकै चरित्र देखाउँछ ।

इलाका क्षेत्रमा यस्ता विर्तावालको राइँदाइँ हाँकडाँक थियो ।

यहाँ प्रसङ्गवश विर्तावाल र विर्ता प्रथाको कुरा कोट्याइयो । लेखनको विषय यो थिएन । विषय त के हो भने हाम्रा प्यारा राजनीतिक पार्टीहरु र आदरणीय राजनीतिक नेताहरुको प्रवृत्ति वा चरित्र चित्रण ! राजनीतिक पार्टीहरुका आदरणीय नेताहरुको प्रवृत्ति, चिन्तन र व्यवहार तत्कालीन विर्तावालको भन्दा भिन्न देखिएन । वर्तमान नेताहरुको प्रवृत्ति र दम्भले तत्कालीन विर्तावालको दम्भ, निरंकुशता, स्वेच्छाचारिता तत्कालीन विर्तावालहरूलाई माथ गरेको पाइन्छ । नत्पाए तुलो तराजु, मानामाथीले तौलेमा वा नापेमा स्पष्ट हुनेछ ।

फ्रान्सका वादशाह लुइ १६औं ले (म नै राज्य हुँ) भन्ने र त्यस्तै व्यवहार गर्ने गर्थे रे । यो कुरा इतिहास प्रसिद्ध छ । कपोलकल्पित मिथ्या लाञ्छना वा आरोप होइन । हाम्रा राजनीतिक पार्टीका नेताहरुले भन्न त प्रजातन्त्र, वा लोकतन्त्र र गणतन्त्र भन्दछन् । आफू सच्चा लोकतन्त्रवादी भएको दाबी पनि गर्ने गर्दछन् । तर उनीहरुको दैनिक व्यवहार लोकतान्त्रिक छैन । लोकतान्त्रिक ढाँचामा उनीहरु ढालिएकै छैनन् । उनीहरुले आफ्नो बोलीलाई र व्यवहारलाई नै लोकतन्त्र र प्रजातन्त्र भनेर दाबी गर्छन् । तर उनीहरूलाई लोकले के भन्दैछन् ? र कसरी मूल्यांकन गर्दैछन् , मतलब छैन ।

यो दाबी हालै समानुपातिकतर्फको राष्ट्रियसभाको निर्वाचनको लागि उम्मेदवार छनौटमा आ-आफ्नो खल्तीबाट मन लाग्दी उम्मेदवार निर्वाचन आयोगमा प्रस्तुत गर्नु र सम्बन्धित पार्टीमा आबद्ध र लामोदेखि क्रियाशील कार्यकर्ताहरुले विरोध गर्नुले नेताहरुको अलोकतान्त्रिक निरंकुश चरित्रलाई उदङ्ग्याएको छ । यहाँनेर स्मरण हुन्छ हेन्स एण्डरसनको बादशाहको नयाँ पोशाक (इम्परस न्यूक्लोथिस) मा बादशाह /राजा नाङ्गैबुङ्गै भइसक्दा पनि आफूलाई जान्ने बुझ्ने दिग्गज ठान्नेहरुले महाराजालाई नयाँ कपडा निकै सुहाएको छ । भनेर मिथ्या प्रशंसा गरेको कथा मनीनय र स्मरणीय छ । अंग्रेजी भाषामा ती कथित दिग्गज राजभक्तहरूले भन्दै थिए- स्प्लेण्डिड ! एक्सेलेन्ट ‼ तर त्यहाँ कपडाको धरो पनि थिएन । सत्य कुरा छिपेर रहेको थियो । राजा रिसाउला भनेर ठूला मान्छेहरु वा आफूलाई दिग्गज ठान्नेहरु चुपचाप थिए वा मौन थिए ? यो मौनतामा दलाली र चाकडी लुकेको थियो । यो मौनतालाई क्रमभंग गर्नु वा चिर्नु थियो ।

यही बेला एउटा सानो निर्दोष बालकले भनिदियो-

कुरी कुरी ‼

बुङ्गै छ नाङ्गै छ लाजा बुङ्गै छ !

लाजाको शरीरमा नाना कहाँ छ ?

त्यसपछि एक कान दुई कान गर्दै यो सत्य कुरा मैदान भयो । र सबैले भन्न थाले राजा बुङ्गै छ ! राजा बुङ्गै छ ‼

प्रिय सज्जनवृन्द ! हाम्रो लोकतान्त्रिक पद्धति यस्तै भएको छ । नेताहरु यस्तै भएका छन् । यस्तै सर्वाङ्ग नाङ्गै बुङ्गै भएका छन् । नेतृत्वले नाङ्गै बुङ्गै भएकै कारण पोरखामा नेकाका पुराना नेता शुक्रराज शर्माले मनपरि भयो भनी मिडियालाई अन्तरवार्ता दिंदै थिए । आफू जस्तो पुरानो पचासौं वर्षदेखि राजनीतिमा क्रियाशील व्यक्तिलाई राष्ट्रिय सभामा वा समानुपातिकमा समाविष्ट नगरी क्याम्पसमा पढाइरहेको एउटा व्यक्तिलाई राष्ट्रिय सभा वा समानुपातिक लिष्टमा राखेर अन्याय गरेको यथार्थता बक्दै थिए । रास्वपा वा अन्य नयाँ भनिएका पार्टीको पनि हालत उस्तै छ ।

उता लुम्बिनी प्रदेशमा विगतमा पक्कापक्की हार्ने अवस्था हुँदाहुँदै राष्ट्रियसभाको उम्मेदवार दिएको व्यक्तिलाई हटाएर वा बेवास्ता गरेर अर्कोलाई उम्मेदवार बनाएकोमा घनघोर असन्तुष्टि कार्यकर्ताहरुले प्रकट गरेको पाइन्छ ।

नेका, एमाले र जसपा मिलेर निर्वाचन लड्दा अगाडि सारिएका उम्मेदवारले पक्कापक्की जित्ने अवस्था हुँदा अकारण उम्मेदवार फेरिंदा असन्तुष्टि मात्र होइन लोकतान्त्रिक पद्धतिमा विर्ता प्रथाको रजाईं भएको ज्वलन्त नमूना यसले प्रस्तुत गरेको किन नभन्ने ? प्रश्नहरु उठिरहेका छन् ।

प्रश्नहरू उठेर के गर्नु ? आनीबानी सबै पुरानै छन् । लोकतान्त्रिक पद्धति भनेर पलपल जपे पनि ती आफूलाई निर्णयकर्ता ठान्ने नेताहरुले ठाड्ठाडै भन्ने गर्दछन्- मैले भनेपछि भयो । मैले जे भन्छु मान्नु पर्छ । यो नै निर्णय गर्ने लोकतान्त्रिक पद्धति हो ।

# खानपान र निद्राः के खाने र कहिले खानेले कति फरक पार्छ ?



धेरैजसो मानिसलाई थाहा छ, भरिएको पेट लिएर सुत्न जाँदा निद्रामा असर पर्छ ।

के खाने र दिनको कुन समयमा खाने भन्ने कुरा मिलाउन सके निद्राको गुणस्तर सुधार गर्न सकिन्छ ।

ढिलो राति धेरै खाना खाएपछि भोलिपल्ट थकित महसुस हुनु सामान्य हो । धेरै र गह्रौं खाना पचाउन शरीरले बढी ऊर्जा खर्च गर्नुपर्छ, जसले गहिरो र निरन्तर निद्रामा बाधा पुर्याउँछ ।

क्याफिनयुक्त पेय पदार्थजस्तै कफी, चिया वा एनर्जी ड्रिङ्कले निद्रा बिगार्छन् भन्ने कुरा त प्रस्टै छ । तर के निद्राको गुणस्तर अझ राम्रो बनाउन सुत्नुअघि खाने केही खाना उपयोगी हुन सक्छन् त ?

**एक–दुई खानेकुरा कि समग्र आहार ?**

केही साना अध्ययनहरूले निश्चित खानेकुराले निद्रामा फाइदा पुर्याउने देखाएका छन् ।

टार्ट चेरी जुस पिउँदा निद्रा राम्रो भएको पाइएको छ ।

किवी फल सुत्नुअघि खाँदा पनि सकारात्मक असर देखिएको छ ।

तातो दूध पिउनाले निद्रा लाग्न सहयोग गर्न सक्छ ।

दूधमा पाइने ट्रिप्टोफ्यान नामक एमिनो एसिडबाट शरीरले मेलाटोनिन (निद्राको हर्मोन) बनाउँछ ।

मेलाटोनिनले हाम्रो निद्रा-जागरण चक्र नियन्त्रित गर्छ । अँध्यारो बढ्दै जाँदा शरीरले यसको उत्पादन स्वाभाविक रूपमा बढाउँछ ।

मेलाटोनिन हामीले केही खानेकुराबाट पनि पाउन सक्छौं, जस्तैः

- -अण्डा
- -माछा
- -बदाम, नट्स
- -बिउहरू

तर विज्ञहरू भन्छन्, एक मात्र खानेकुराले चमत्कार गर्दैन । कोलम्बिया विश्वविद्यालयकी पोषण विज्ञ मारी-पियेर सेंट-ओन्ज भन्छिन्-'दिनभर अस्वस्थ खाना खाएर राति मात्रै चेरी जुस पिएर राम्रो निद्रा हुन्छ भन्ने सोंच गलत हो ।' निद्रासँग सम्बन्धित रसायनहरू शरीरमा बन्न समय लाग्छ, त्यसैले दिनभरको आहार नै सबैभन्दा महत्वपूर्ण हुन्छ ।

**निद्राका लागि कुन प्रकारको आहार उपयुक्त ?**

अनुसन्धानअनुसार वनस्पति-प्रधान आहार (फलफूल, सागसब्जी, साबुत अन्न, दाल, माछा, दुग्धजन्य पदार्थ) निद्राका लागि लाभदायक हुन्छ ।

मिशिगन विश्वविद्यालयकी एरिका जान्सेनले गरेको २०२१ को अध्ययनमा, तीन महिना बढी फलफूल र सागसब्जी खाने मानिसहरूको निद्रा उल्लेखनीय रूपमा सुधारिएको पाइयो । विशेषगरी महिलामा, दिनमा ३ वा बढी थप सर्भिङ फलफूल/तरकारी खाँदा अनिद्राका लक्षण आधाभन्दा बढी घटेको देखियो ।

**ट्रिप्टोफ्यान किन महत्वपूर्ण छ ?**

स्पेनमा गरिएको २०२४ को अध्ययनले देखायो, कम ट्रिप्टोफ्यान सेवन गर्ने व्यक्तिमा

- -छोटो समय सुत्ने
- -अनिद्राको जोखिम बढी
- -ट्रिप्टोफ्यान 'सेरोटोनिन' मेलाटोनिन

यो प्रक्रिया सही रूपमा हुनका लागि, फाइबरयुक्त कार्बोहाइड्रेट (जस्तै साबुत अन्न, दाल) सँगै खानु जरुरी हुन्छ ।

**म्याग्नेसियम र निद्रा**

म्याग्नेसियमले तनाव हर्मोन कोर्टिसोल घटाउँछ । स्नायु प्रणालीलाई शान्त बनाउँछ । ३० वर्षभन्दा माथिका वयस्कलाई

दिनमा करिब ४२० मि.ग्रा. म्याग्नेसियम आवश्यक हुन्छ ।

**म्याग्नेसियम पाइने मुख्य स्रोतहरूः**

- -पालुङ्गो जस्ता हरियो साग
- -दाल, चना
- -बदाम, काजु
- -बिउ र साबुत अन्न

२०२४ मा गरिएको एक अध्ययनमा, म्याग्नेसियम सप्लिमेन्ट लिने व्यक्तिमा गहिरो निद्रा र आरईएम स्लिप सुधारिएको पाइयो ।

तर विज्ञहरू भन्छन्-'सप्लिमेन्ट मात्रै समाधान होइन । नियमित व्यायाम, स्वस्थ खाना र निश्चित सुत्ने-उठ्ने समय उत्तिकै महत्वपूर्ण छन् ।'

खाने समयले पनि फरक पार्छ

अनुसन्धानले देखाउँछः

सुत्नुभन्दा २-३ घण्टा अगाडि खाना बन्द गर्नु राम्रो

राति सबैभन्दा धेरै क्यालोरी नखानु

बिहानै नियमित नास्ता गर्नु

दिन र रातको स्पष्ट भिन्नता हुँदा मस्तिष्कले 'अब सुत्ने समय हो' भनेर सजिलै बुझ्छ ।

उज्यालोमा दुग्धजन्य नास्ता गर्दा राति मेलाटोनिन उत्पादन अझ राम्रो हुन सक्छ भन्ने संकेत पनि केही अध्ययनले दिएका छन् ।

**स्वस्थ निद्राका लागिः**

- -फलफूल र सागसब्जी प्रशस्त
- -साबुत अन्न, दाल, नट्स
- -नियमित खाने समय
- -पर्याप्त शारीरिक गतिविधि
- -प्राकृतिक उज्यालो र अँध्यारोको सही प्रयोग

यी सबैको संयोजन आवश्यक हुन्छ ।

तर यदि तपाईंलाई अनिद्रा, स्लीप एप्निया जस्ता गम्भीर समस्या छन् भने डाक्टरको जाँच र उपचार अनिवार्य छ । आहार सुधार उपचारको एउटा हिस्सा हुन सक्छ, तर सबैको लागि पर्याप्त नहुन सक्छ ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक चार दशमलव ९० अङ्कले बढेर दुई हजार ६३९ दशमलव ९१ को बिन्दुमा कायम भएको छ ।

३४९ कम्पनीको एक करोड ३६ लाख २४ हजार ८२४ कित्ता सेयर ७७ हजार १७ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ९९ करोड चार लाख ८४ हजार ३९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा बैंकिङ शून्य दशमलव १४, वित्त शून्य दशमलव २९, होटल तथा पर्यटन शून्य दशमलव ४८, जीवन बिमा शून्य दशमलव १७, उत्पादन तथा प्रशोधन शून्य दशमलव २३ र लघुवित्त शून्य दशमलव २० प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । जलविद्युत् एक दशमलव ०२, लगानी शून्य दशमलव ०४, म्युचुअल फण्ड शून्य दशमलव ४२, निर्जीवन बिमा शून्य दशमलव ०७, व्यापार शून्य दशमलव ९८ र अन्य समूह शून्य दशमलव ७८ प्रतिशतले बढेको छ ।

थ्रीस्टार हाइड्रोपावर लिमिटेडलेको सेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्य सबभन्दा धैरै छ दशमलव ०९ प्रतिशतले घटेको छ ।

# क्वाटर फाइनलका खेलहरू सम्पन्न



देवदह । रूपन्देहीको देवदहमा सञ्चालित नगरस्तरीय वडाकप भलिबल प्रतियोगिताअन्तर्गत क्वाटर फाइनलका खेलहरु सम्पन्न भएका छन् । सम्पन्न क्वाटर फाइनल खेलमा वडा नम्बर ५, ६, ७, र १० सेमिफाइनलमा प्रवेश गरेका छन् ।

प्रतियोगिताअन्तर्गत भएको पहिलो क्वाटर फाइनल खेलमा देवदह-७ रातोलाई २५-११, २५-११ को सोझो सेटमा हराउँदै वडा नम्बर ५ सेमिफाइनलमा प्रवेश गरेको छ । दोश्रो खेलमा वडा नम्बर ८ लाई २५-१३, २५-१३ को सोझो सेटमा हराउँदै वडा नम्बर ७ सेमिफाइनलमा प्रवेश गरेको छ। यसैगरी तेश्रो खेलमा वडा नम्बर ७ बीलाई २८-२२, २८-२६ को सोझो सेटमा हराउँदै देवदह-६, सरनवारी सेमिफाइनलमा प्रवेश गरेको छ।

त्यसैगरी प्रतियोगिताअन्तर्गतको चौथो खेलमा वडा नम्बर १० सेमिफाइनलमा प्रवेश गरेको छ । खेलमा वडा नम्बर ६, लाई २-१, को सेटमा हराउँदै वडा नम्बर १० सेमिफाइलनमा प्रवेश गरेको हो । खेलमा वडा नम्बर १० ले २५-१९, १५-१२ मा दुई सेट जित्न सफल भएको थियो भने वडा नम्बर ६ ले २५-२२ मा एक सेट जित्न सफल भएको थियो । प्रतियोगिताअन्तर्गत बुधबार पहिलो सेमिफाइलन खेलमा वडा नम्बर ५ र १० खेल्नेछ भने दोश्रो सेमिफाइनल खेल वडा नम्बर ७ र वडा नम्बर ६ सरनबारीबिच हुने खेल संयोजक राजेन्द्र धमेलले जानकारी दिए।

वडास्तरीय खेलकुद विकास समिति देवदह-७ को आयोजना र देवदह नगरपालिका-७ वडा कार्यालयको सहयोगमा भएको प्रतियोगिताका विजेताले नगद ३१ हजार, उप-विजेताले नगद २१ र तृतीय हुने टिमले नगद ११ हजार, ट्रफी प्राप्त गर्ने खेल संयोजक घमेलले जानकारी दिए।

# बागलुङमा एक लाख ९३ हजार मतदाता कायम

ढोरपाटन । बागलुङमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि कूल एक लाख ९३ हजार ३८१ मतदाता कायम भएका छन् ।

जिल्ला निर्वाचन कार्यालय बागलुङका अनुसार ९४ हजार ८०६ पुरुष र ९८ हजार ५७४ महिला मतदाता रहेका छन् ।

गत असोज १० गतेदेखि मङ्सिर ५ गतेसम्म दर्ता भएको मतदाता नामावलीमा १६ देखि २८ वर्षसम्मका उमेर समूह बढी रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख प्रमुख यज्ञप्रसाद रिजालले जानकारी दिए । उनका अनुसार जिल्लाभर पाँच हजार २५३ मतदाता थपिएका छन् ।

मतदाता नामावली दर्ता गराउनेमा सबैभन्दा बढी युवापुस्ता छन् । जिल्ला बाहिरका १०० मतदाताले बागलुङबाट नामावली दर्ता गराएको प्रमुख रिजालले बताए। जिल्ला निर्वाचन कार्यालयमै पुगेर एक हजार ४६४ जना र राष्ट्रिय परिचय प्रणालीतर्फबाट तीन हजार ९२९ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका थिए।

बागलुङमा दुई निर्वाचन क्षेत्र रहेका छन्। क्षेत्र नं. १ मा ४८ मतदानस्थलको ११५ मतदान केन्द्रमा ९८ हजार ८४६ जना र क्षेत्र नं. २ मा ५९ मतदानस्थलको ११५ मतदान केन्द्रमा ९५ हजार ३३५ मतदाता रहेका छन्।

---

## पर्यटन डिभिजन कार्यालय, रुपन्देही

## शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

मिति : २०८२।०९।३०

यस कार्यालयको मिति २०८२।०९।३० गते आह्वान गरिएको शिलवन्दी दरभाउपत्रको सूचना सम्बन्धी सम्पूर्ण विवरण कार्यालयको वेभसाई www.tourismrupandehi.lumbini.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np/egp मा राखिएकोले सोही बमोजिम खरिद कार्यमा सहभागी हुन अनुरोध छ।

**नि.कार्यालय प्रमुख**

---

## श्री पटखौली माध्यमिक विद्यालय

**ओमसतिया–५, पखाला, रुपन्देही**

## कार्यालय सहयोगी भर्ना (विज्ञापन)

मितिः २०८२/०९/३०

यस विद्यालयमा निम्नानुसार करार दरबन्दीमा रहने गरी विद्यालय कार्यालय सहयोगीको पदपुर्ती गर्नुपर्ने भएकोले ओमसतिया गा।पा।को मिति २०८२/०९/०७ को विज्ञापन अनुमति पत्र च.न. ९०२ र वि.व्य.स.को निर्णय अनुसार इच्छुक महानुभावबाट रीतपूर्वक दरखास्त आवहान गरिन्छ।

**तपसिल**

१. **विज्ञापन नं.** ००१/०८२ २.**पद** – कार्यालय सहयोगी
३. **पद संख्याः** १ (एक) ४. **न्युनतम योग्यता** कक्षा ८ उत्तीर्ण
५. **तलब स्केल** - संघिय अनुदान सहित गाँउपालिकाको नियम अनुसार
६. **उमेर हदः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७. **परीक्षा किसिम** - अर्न्तवार्ता र मौखिक
८. **दरखास्त दस्तुर** - रु.१५००।- (अक्षरेपी रु. एक हजार पाँच सय मात्र)
९. **दरखास्त संग संलग्न कागजपत्रः–**
   क. नागरिक्ता र राष्ट्रिय परिचय पत्रको प्रतिलिपि
   ख. शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि
   ग. फोटो सहितको हस्त लिखित निवेदन
   घ. निरोगिताको प्रमाणपत्र
१०. **दरखास्त दिने मितिः** २०८२/०९/३० गते देखि २०८२/१०/१४ गते सम्म
११. **सम्पर्क मिति** २०८२/१०/१५ गते

**नोट : रीत नपुगेको तथा म्याद समाप्त भई आएको दरखास्त मान्य हुनेछैन।**
**स्थानिय महिलालाई विशेष ग्राहयता दिइनेछ।**

सम्पर्क नं.: ९८६७८०१४०७ प्रधानाध्यापक, ९८१४४३७६६० लेखापाल

---

## सूचना ।

यस संघले मिति २०८२।०८।२४ मा राष्ट्रिय दैनिक पत्रिका दैनिक लुम्बिनीमा प्रकाशित सूचना अनुसार देहाय बमोजिमका पदहरुमा करारद्धारा पदपुर्ति गर्न तपशिल बमोजिमका विभिन्न पदहरुको अन्तर्वाता निम्न मिति, समय र स्थानमा हुने भएकाले शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र ,नागरिकताको सक्कल प्रमाणपत्र, प्रवेशपत्र, अनुभवको प्रमाणपत्र लिई उपस्थित हुन यो सुचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**पहिलो चरण**

| सि.न. | पद | अन्तवार्ता मिति | समय |
|---|---|---|---|
| १ | Optometrist, G-3rd, Level 10(Tech.) | २०८२ माघ ०९ | विहान १० बजे |
| २ | Infection Control & Surveillance Officer, G-3rd, Level 10 (Tech.) | | |
| ३ | Pharmacy Assistant NG-1st Level 8(Tech.) | | |
| ४ | Minor OT Assistant. NG-2nd, Level-6(Tech.) | | |

**दोश्रो चरण**

| सि.न. | पद | अन्तवार्ता मिति | समय |
|---|---|---|---|
| १ | Lab Technician NG-1st, Level 8(Tech.) | २०८२ माघ १६ | विहान १० बजे |
| २ | ENT Assistant, NG-2nd, Level-6(Tech.) | | |
| ३ | Office Assistant, NG-2nd, Level-6(Non-Tech.) | | |
| ४ | Office Helper, Level-1(Non-Tech) | | |

स्थान : नेपाल नेत्र ज्योति संघ, रुपन्देही शाखा, भैरहवा।

थप बिस्तृत जानकारीको लागि

**नेपाल नेत्र ज्योति संघ**

रुपन्देही शाखा, फोन नं. ०७१-५२४३३६

---

## CHHATRADEV RURAL MUNICIPALITY

**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**
**CHHATRAGUNJ, ARGHAKHANCHI**

## Invitation For Sealed Quotations

Date of Second publication: 2082/09/30 (14st January, 2026)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 1000)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

**For Bid Security (As per Table)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))

**Last Date of Bid Purchase and Submission: 29th January, 2026 (2082/10/15) 12:00 Hrs.**

| SN | Name of Project/Contract No. | Bid Security | Bid Validity/Bid Security Validity |
|---|---|---|---|
| 1 | Supply and Delivery of Veterinary Medicines CRM/ARG/SQ/G/9/082/83 | 23,000/- | 45 days/75 days From date of opening |

---

## शिवराज नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**चन्द्रौटा, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

## ढुंगा, गिट्टी, बालुवा, दहत्तर–बहत्तर आदी बिक्रि गरिकर संकलन गर्न E-Bidding बोलपत्र आवहानको सूचना।

प्रकाशित मितिः २०८२/०९/३०

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (घ), लुम्बिनी प्रदेशको वातावरण संरक्षण नियमावली २०७७, अनुसूची २ (नियम ३ संग सम्बन्धीत) को दफा (ग),यस नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ र प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन अनुसार तोकिएको नदि खोलाहरुमा ढुंगा, बालुवा, ग्रवेल तथा बिक्रि गरि कर दस्तुर रकम संकलन गर्न ठेक्का गर्नुपर्ने भएकोले ठेक्का लिने इच्छुक फर्म भ्याटमा दर्ता भएका, कम्पनी वा व्यबसायीबाट E-Bidding मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र खरिद गर्दा शिवराज नगरपालिकाको नाममा नेपाल बैंक, लिमिटेड चन्द्रौटा शाखामा रहेको ग-१.१ आन्तरीक राजस्व खाता (२२८०३०००००१००१०००००१) र ग-३ धरौटी खाता(२२८०३००००३००००००००१) मा बोलपत्र दस्तुरर धरौटी बापतको रकम दाखिला गरि खरिद गर्नुपर्ने छ अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न तथा डाउनलोड गर्न सकिनेछ।

| IFB No. | नदि र खोलाको विवरण | कुल घन मिटर | न्युनतम ठेक्का अंक. रु (कर बाहेक) | टेण्डर फारम दस्तुर | दर्ता गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| SM/IR/082/083-41 | शिवराज नगरपालिका भएर बग्ने सुरही खोला अन्तर्गत विल् लाहवा, देवीपुर, पकडी घाट र गौरिया घाट खोला बीचको खोला किनारबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् | ३२८६९।५३ | ९२८४९८४।८३ | ३००० | २०८२/११/०१ १२:०० |
| SM/IR/082/083-42 | शिवराज नगरपालिका भएर बग्ने चिराई खोला अन्तर्गत देवीस्थान मन्दिर आसपास र पातिफाल्ने जाने बाटो (घाट मुनि) खोला बीचको खोला किनारबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् | ३२८५५।५६ | ९२८१०३८।५८ | ३००० | |

---

# Madhyabindu Municipality

## Office of Municipal Executive

Madhyabindu-7, Chormara, Nawalparasi (East of BardghatSusta)

Gandaki Province, Nepal

## Invitation for Bids

**First Date of publication: 30/09/2082 (14/01/2026)**

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost ofGoods and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. .Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified in bid document and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Bidding Document Nrs. | Cost of Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 11/SQ/MB/GOODS/2082/83 | Procurement of Veterinary Medicines for Animal Service Section | Sealed Quotation-GOODS | 1000/- | 40,000 | 45 days/ 75 days after bid opening | 2026-01-29 12.00 | 2026-01-29 14.00 |

**Chief Administrative Officer**

---

लुम्बिनी प्रदेश सरकार
वातावरण संरक्षण नियमावली,२०७७
नियम ९ को उपनियम (१) सँग सम्बन्धित अनुसूचि ९ बमोजिम
प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचनाको ढाँचा

लुम्बिनी प्रदेश जिल्ला रुपन्देही ओमसतिया गाँउपालिका वडा नं २ पडसरीमा कार्यान्वयन गरिने श्री श्याम पोलिमर्स प्रस्ताव आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

**सार्वजनिक सूचना**

**प्रकाशन मितिः २०८२/०९/३०**

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | **(क)** नामः श्री श्याम पोलिमर्स प्रा. लि.<br>**(ख)** ठेगानाः पडसरी, ओमसतिया गाँ.पा. २ रुपन्देही<br>**(ग)** इमेलः ssplp500@gmail.com, shyampolynepal@gmail.com<br>वेबसाइटः Shree Shyam Polymers Pvt. Ltd. \| Facebook<br>**(घ)** फोन नः ०७१-४२१०४२ फ्याक्सः<br>**(ङ)** जि.पि.एस.: 27.5286उ, 83.4579पू |
| प्रस्तावको व्यहोरा | **(क)** कार्यान्वयन हुने स्थानः पडसरी, ओमसतिया गाँ.पा. २, रुपन्देही कित्ता नः ९८२,१०९३,७४०,१७७४,११३८,११४० ,९८६ ,११४१ र १७७५<br>कूल क्षेत्रफलः ७०२१.७७ व.मि.<br>**(ख)** चार किल्लाः पूः आफ्नै जग्गा, पः कूलो र बाँकी आफ्नै जग्गा, उः राजेश मल्ल र सन्दिप अग्रवालको जग्गा, दः ग्रावेल बाटो र आफ्नै जग्गा<br>**(ग)** प्रस्ताव बारे सामान्य जानकारीः बि.सं २०५९ मै दर्ता भई संचालन हुँदै आएको श्याम पोलिमर्स उद्योगले खानेपानी र सिंचाईमा प्रयोग हुने पाइप, विभिन्न प्रयोजनको लागी त्रिपाल एवं शीट, प्लाष्टिकका भाँडा, प्लाष्टिकका झोला एवं पोलिब्याग आदी उत्पादन गर्दै आएकोमा हाल यस उद्योग बि.सं २०८१ देखि प्राइभेट लिमिटेडको रुपमा दर्ता भई आफ्नो क्षमता अभिवृद्धी गर्ने योजनामा अघि बढेको छ।<br>**(घ)** लगानी रुः अधिकृत पूँजिः रु २० करोड, जारी पूँजिः ७ करोड ८० लाख ९५ हजार<br>**(ङ)** लगानीको किसिमः सरकारी/अर्धसरकारी/नीजिः नीजि |
| प्रभाव पर्ने/पर्न सक्ने जिल्ला/न.पा/गाँ.पा | रुपन्देही जिल्ला ओमसतिया गाँउपालिकाको वडा नं २ को पडसरी क्षेत्र |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, साँस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा प्रभाव यकिन गर्न गाँ.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागी यो सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा वन तथा वातावरण मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | श्री श्याम पोलिमर्स प्रा. लि., पडसरी, ओमसतिया गाँ.पा. २, रुपन्देही<br>इमेलः ssplp500@gmail.com, shyampolynepal@gmail.com फोन नः०७१-४२१०४२ |
| परामर्शदाताको नाम र ठेगाना ठेगानाः | धरातल सेवा, सिद्धार्थनगर नगरपालिका वडा नं ७, रुपन्देही<br>earthservices2013@gmail.com, 9818555539 |

---


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# सुनचाँदी व्यवसायी संघको साधारणसभा

बुटवल । बुटवल सुनचाँदी व्यवसायी संघ रूपन्देहीको सोमबार बुटवलमा सम्पन्न छैठौ वार्षिक साधारणसभा सम्पन्न भएको छ । सभामा बोल्ने वक्ताहरुले देशको जटिल राजनीति अवस्था, विश्वबजारमा सुनको मूल्यवृद्धि भ्याट र २ प्रतिशत बिलासिता कर जस्ता विषयको कारण व्यवसायीहरु पलायनको अवस्थामा पुगेको बताएका हुन् ।

कार्यक्रमको उद्घाटन गर्दै नेपाल सुनचाँदी व्यवसायी महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष ध्रुवकुमार गहतराजले राज्यबाट फरक ढंगबाट अनुगमन गरिरहेको बताउँदै यसकै आधारमा कर तोक्ने जस्ता काम भएको बताए । स्थापनाकाल देखिबाट नै भएको कारोबारलाई जोड्दै सञ्चालक र परिवारको समेत खाता हेर्ने जस्ता काम भैरहेको उनले बताए । माघ १ गतेबाट ५ लाखभन्दा बढीको बिल नहुने जस्ता सरकारबाट लगाइएको बन्देजका कारण व्यवसाय गर्न नसकिने अवस्था सृजना भएको उनले बताए ।

कार्यक्रममा संस्थाको प्रगति विवरण पेश गर्दै अध्यक्ष गोकुल विश्वकर्माले व्यवसायीहरुको हकहित र क्षमता अभिवृद्धिमा भएका गतिविधिबारे प्रकाश पारे । समस्यामा परेका व्यवसायीलाई सहयोग, सामाजिक उत्तरदायित्वअन्तर्गत खेल गतिविधि, राहतकोष स्थापना गरी सहयोग हस्तान्तरण गर्दै आएको उनले बताए । कार्यक्रममा महासंघका केन्द्रीय सदस्य तथा संघका निवर्तमान अध्यक्ष दिपककुमार विश्वकर्माले सुन व्यवसायमा देखिएको समस्या उठान गर्दै समाधानका पाटाहरुबारे प्रकाश पारे ।

कार्यक्रममा महासंघका केन्द्रीय सदस्य चेतनारायण विश्वकर्मा, पूर्व केन्द्रीय उपाध्यक्ष जोगलाल बिक, उपाध्यक्ष कृष्णबहादुर सुनार, कोषाध्यक्ष दलबहादुर रिसाल, सचिव चुरामणी विकले सुनचाँदी व्यवसायीहरुप्रति राज्यको दृष्टिकोण गलत रहेको भन्दै सच्याउनुपर्ने बताए ।

# भार्सेका कृषक व्यावसायिक किबीखेतीतर्फ आकर्षित



गुल्मी । व्यावसायिक किबीखेतीमा कृषकको आकर्षण बढ्दै बढेको छ । सत्यवती गाउँपालिका-८ अन्तर्गत भार्सेका कृषकले किबी बिक्री गरेर वार्षिक रु ८० लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् ।

विसं २०६५ देखि किबी लगाउन सुरु गरेका त्यहाँ कृषकको बारी यतिबेला किबीले ढपक्कै ढाकेको छ । किबीको व्यावसायिक उत्पादन सुरु गरेपछि उनीहरुको आम्दानीमा वृद्धि हुँदै गएको छ । जिल्लामा सबैभन्दा बढी किबी उत्पादन गर्ने पालिकामा सत्यवती गाउँपालिका पर्दछ । सत्यवतीको भार्सेमा हाल ४० हेक्टरभन्दा बढी क्षेत्रफलमा किबीको व्यावसायिक उत्पादन हुँदै आएको छ । यस वर्ष त्यहाँका कृषकले ८० टनभन्दा बढी किबी उत्पादन गरेको स्थानीय कृषक यमबहादुर थापाले जानकारी दिए ।

भार्सेमा उत्पादित किबी स्थानीय बजारदेखि पाल्पा र बुटवलसम्म बिक्री गरिन्छ । बजारमा उपलब्ध किबीको तुलनामा भार्षेमा उत्पादित किबीको फुटकर मूल्य प्रतिकिलो रु २०० देखि रु ३०० सम्म रहेको छ । यहाँका कृषकको मुख्य आम्दानी किबीखेती बनेको छ ।

सत्यवती गाउँपालिकाले भार्सेलाई किबीको पकेट क्षेत्र घोषणा गरेसँगै किबी उत्पादनमा स्थानीयको आकर्षण बर्सेनि बढ्दै गएको हो । किबी खेतीको व्यावसायिक उत्पादनका लागि कृषकलाई गाउँपालिकाबाट प्राविधिक सहयोगदेखि तालिम, बिरुवा, खम्बा निर्माण र सिँचाईलगायत क्षेत्रमा सहयोग गरिएको सत्यवती गाउँपालिकाका अध्यक्ष टीकाराम पाण्डेले बताए ।

गत वर्ष गाउँपालिकाबाट नर्सरी सपना, बगैँचा व्यवस्थापनसँगै किबीको जाम र वाइन बनाउने तालिम प्रदान गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले जानकारी दिए । भार्सेका कृषक यमबहादुर थापा व्यावसायिक किबीखेती कृषकअन्तर्गत पर्दछन् । उनले लगाएका सबै १५० बोटले फल दिन थालेका छन् । गत वर्षको तुलनामा यस पटक उत्पादन घटे पनि किबीको बजार मूल्य भने राम्रै रहेको थापाले बताए । उनको बारीमा रेडकिबी, हेवार्ड, एलिसन र ब्रुनो जातका किबी रहेका छन् । अन्य खेतीको तुलनामा किबीबाट मनग्य आम्दानी हुने उनको अनुभव छ ।

भार्सेका कृषक पाँच किबी समूह गठन गरेर व्यावसायिक रुपमा उत्पादन गर्दै आएका छन् । सबैभन्दा धेरै किबी उत्पादन गर्नेमा ठूलापोखरी समूह पर्दछ । भार्से गाउँका पाखा बारी किबीले ढपक्कै ढाकिएका छन् । किबीका बिरुवाले रोपेको तीन वर्षबाटै फल दिन सुरु गरेपछि यो कृषकको मुख्य रोजाइमा परेको हो । किबीले एउटै बोटबाट ६० किलोदेखि १२० किलोसम्म फल दिने गरेको वडाध्यक्ष होमबहादुर रानाले बताए ।

बाँदर, बँदेल र चराचुरुङ्गीबाट अन्य खाद्यबाली जोगाउन समस्या परेको अवस्थामा किबीखेती भार्सेका कृषकका लागि यतिबेला प्रमुख आम्दानीको स्रोत बनेको छ । किबी बढी भुसिलो हुने भएका कारण पनि वन्यजन्तुले खासै हानि नोक्सानी गर्दैनन् । जिल्लामा एक हजार २०० मिटरदेखि दुई हजार मिटर उचाइसम्म किबीखेती गरिँदै आएको छ । गुल्मीमा सत्यवती गाउँपालिकालगायत कालीगण्डकी, मदाने, मालीका, धुर्कोट, छत्रकोट, मुसिकोटलगायत पालिकामा पछिल्लो समयमा किबीको व्यावसायिक खेती गर्न थालिएको छ ।

किबी फल एक स्वस्थ र स्वादिष्ट फल मानिन्छ । किबीले रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउँछ । यसमा फाइबर पाइने भएकाले पाचन प्रक्रियालाई पनि राम्रो बनाउन मद्दत गर्छ । यसलाई जुस बनाउन र सलादका रुपमा प्रयोग गर्ने गरिन्छ । यो फलमा धेरै पौष्टिक तत्व भएका कारण सबै उमेर समूहका व्यक्तिका लागि उपयुक्त मानिन्छ ।

# अनुमति नलिई मासु पसल सञ्चालनमा



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा बजार अनुगमन गरिएको छ । संयुक्त जिल्ला बजार अनुगमन समिति नवलपरासीले जिल्लाको सदरमुकाम परासी क्षेत्रमा रहेको बजारका पसलहरूमा बजार अनुगमन गरेको हो ।

म्याद गुज्रिएको खाद्यान्न सामानहरू बिक्रीवितरण भैरहेको व्यापक जनगुनासो आएपछि सो क्षेत्रमा बजार अनुगमन गरिएको गरी घरेलु तथा साना उद्योग कार्यालयका वरिष्ठ उद्योग अधिकृत मोहन पाण्डेले जानकारी दिए ।

अनुगमनको क्रममा दुई वटा फ्रेस हाउस मासु पसल दर्ता अनुमति नलिई सञ्चालनमा रहेको पाइएको उनले बताए ।

उक्त फ्रेस हाउस मासु पसललाई सात दिनभित्रसम्बन्धी निकायमा दर्ता गरी सञ्चालन गर्न निर्देशन दिइएको पाण्डेले जानकारी दिए ।

होटलहरूमा सरसाफाइ कमि देखिएको र सरसफाइ गरी व्यवसाय सञ्चालन गर्न निर्देशन दिइएको उनले जनाए ।

अब आउँदा अखाद्य बस्तु र सरसफाइ नदेखिएको खण्डमा कानुनी प्रक्रियाअनुसार दण्ड जरिवाना हुने समेत व्यापारीहरूलाई सचेत गराउने कार्य गरिएको पाण्डेले जानकारी दिए ।

किराना पसल, मासु पसल होटल रेष्टुरेण्ट गरी १६ वटा वटा पसलमा अनुगमन गरिएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका उद्यम सहजकर्ता मनोजकुमार चौधरीले जानकारी दिए ।

# सयभन्दा कम दरका भारू नोट असीमित संख्यामा लैजान सकिने




बुटवल । नेपाली र भारतीयले नेपालबाट भारतमा एक सयभन्दा साना दरका भारु नोट तथा सिक्का असीमित संख्यामा लैजान पाउने भएका छन् ।

सरकारले राजपत्रमा सूचना प्रकाशित गर्दै सानामात्र नभई २ सय र ५ सय दरका भारु पनि तोकिएको सीमाभित्र रहेर ल्याउन र लैजान सक्ने व्यवस्था गरेको हो ।

सरकारले ठूला दरका भारु पनि नेपालमा प्रयोग गर्न सकिने निर्णय गरेसँगै त्यसलाई औपचारिकताका लागि राजपत्रमा सूचना प्रकाशित गरेको हो । त्यसभन्दा भारतले नेपाली नागरिकले २५ हजारसम्मका ठूला दरका नोट ल्याउन लैजान सक्ने व्यवस्था गरेसँगै नेपालले पनि ल्याउन सक्ने व्यवस्था गरेको हो । नेपाली र भारतीयले नेपालबाट भारतमा सुन, चाँदी वा मिश्रित चाँदीका नेपाली सिक्काबाहेक अन्य नेपाली र भारतीय सिक्का, करेन्सी नोट र बैंक नोट असीमित मात्रामा लैजान वा पठाउन सक्ने व्यवस्था राजपत्रमा उल्लेख छ । तर, भारतीय रुपैयाँ १ सयभन्दा ठूला दरका नोट र नेपाली मुद्राको हकमा भने फरक व्यवस्था गरिएको छ ।

कसैले पनि सन् २०१६ नोभेम्बर ९ भन्दा अगाडि चलनचल्तीमा रहेका भारु ५ सय र १ हजार दरका नोट कारोबार गर्न पाइने छैन । २०१६ नोभेम्बर ९ देखि निष्कासन भई चलनचल्तीमा रहेका भारु २ सय र ५ सय दरका नोट नेपाली वा भारतीयले प्रतिव्यक्ति भारु २५ हजारको सीमासम्म भारतबाट नेपालमा भित्र्याउन र नेपालबाट भारतमा लैजान सक्ने राजपत्रमा उल्लेख छ ।

नेपाली मुद्राका हकमा नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमाभन्दा बढी र भारतीय मुद्राका हकमा भारत बाहेक अन्य देश लैजान वा पठाउन पाइँदैन ।

विदेशी विनिमय सटही कारोबार गर्ने इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाबाट कानुन बमोजिम प्राप्त विदेशी मुद्रा नेपालबाट बाहिर लैजान वा पठाउन पाइने छैन ।

विदेशीका हकमा राष्ट्र बैंकले तोकिदिएको सीमाभन्दा बढी विदेशी मुद्रा लैजान वा पठाउन परे निजले नेपाल प्रवेश गर्दा आफूसँग ल्याएको नगद विदेशी मुद्राका हकमा त्यस्तो विदेशी मुद्राको रकम भन्सार अधिकृत समक्ष घोषणा र प्रमाणित गरेको हुनुपर्ने छ ।

कसैले यो सूचना बर्खिलाप काम कारबाही गरे विदेशी मुद्रा जफत हुनुका साथै प्रचलित कानुन बमोजिम कारबाही हुने सरकारले जनाएको छ ।

# बुटवल ३ का वडाध्यक्षसहितले छाडे नेकपा



बुटवल । साविकको नेकपा माओवादी केन्द्रबाट बुटवल उप-महानगरपालिका वडा नं. ३ मा वडाध्यक्ष जितेका विष्णु ढकालसहितका नेताहरुले नवगठित नेपाली कम्युनिष्ट पार्टी परित्याग गरेका छन् ।

सामूहिक विज्ञप्ति निकालेर नेकपा परित्याग गर्नेहरुमा साविक नेकपा माओवादी केन्द्र रुपन्देहीका जिल्ला समिति सदस्य तथा अखिल नेपाल खेलकुद महासंघ लुम्बिनि प्रदेश अध्यक्ष ढकालसहित बुटवल नगर सचिवालय सदस्य तथा वडा इन्चार्ज एवं यातायात मजदुर नेता जितेन्द्र खत्री, साविकको पार्टी जिल्ला सदस्य लोकबहादुर नेपाली, नगर सचिवालय सदस्य नारायण गौतमलगायत रहेका छन् ।

यस्तै शोभाखर पाण्डे (माधव),वडा समिति अध्यक्ष जगबहादुर श्रेष्ठ र वडा समिति उपाध्यक्ष कराँते खेल प्रशिक्षक राजकुमार पाण्डेले पनि नेकपा परित्याग गरेका छन् । उनीहरुले विज्ञप्तिमार्फत् नेपाली कम्युनिष्ट पार्टीको साधारण सदस्यता तथा पार्टीसँग सम्बन्धित सम्पूर्ण जिम्मेवारी र गतिविधिहरुबाट स्वेच्छाले परित्याग गरेको घोषणा गरेका छन् ।

'यो निर्णय हामीले आफ्नो व्यक्तिगत सोच, अनुभव तथा वर्तमान राजनीतिक परिस्थिति गम्भीर मूल्याङ्कनपछि लिएका हौं । यो निर्णय कुनै व्यक्ति विशेषप्रति व्यक्तिगत असन् कारण नभई आफ्ना विचार, सिद्धान्त र जनहितप्रतिको प्रतिबद्धताका आधारमा गरिएको हो ।'-विज्ञप्तिमा उल्लेख छ । यस अवधिमा पार्टीभित्र रहेर मार्ग निर्देशन गर्नुहुने सम्पूर्ण नेतृत्व, सहकार्य गर्ने साथी तथा माया गर्नुहुने शुभेच्छुकहरुप्रति उनीहरुले हार्दिक धन्यवाद व्यक्त गरेका छन् ।

नेकपा छाडेका वडाध्यक्ष ढकालले राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गर्ने गरी छलफल चलिरहेको बताए ।

## पवनकुमार सेठिया स्मृति क्रिकेटः
# रूपन्देहीको विजयी सुरुवात







भैरहवा । रूपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पवनकुमार सेठिया स्मृति क्रिकेट प्रतियोगिता' अन्तर्गत मंगलबारदेखि टी-ट्वान्टी सिरिज सुरु भएको छ । सिरिजको पहिलो खेलमा रूपन्देही-११ विजयी भएको छ । रूपन्देहीले त्रिभुवन आर्मी क्लब 'ए'लाई २६ रनले पराजित गरेको हो । यसअघि रूपन्देहीले आर्मीविरुद्ध दुई दिवसीय टेष्ट र एकदिवसीय सिरिज क्लिनस्वीप गरिसकेको छ ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितरे ब्याटिङमा आएको रूपन्देहीले ९ विकेट गुमाएर १ सय ९ रन बनायो । उसका लागि सुमन पाण्डेले २१, आकाश त्रिपाठीले १७, विष्णु कटरियाले १४, विजय प्रजापति र सन्दीप रजालीले समान १२ तथा इकलाख अहमदले ११ रन जोडे । बलिङमा आर्मीका जितेन्द्रसिंह ठकुरीले ३, पवन कार्कीले ३ तथा पारससिंह धामी र प्रेम गुरुङले १-१ विकेट लिए ।

१ सय १० रनको लक्ष्य पछ्याएको आर्मीले १६ ओभर ५ बलमा अलआउट हुँदै जम्मा ८३ रनमात्रै जोड्यो । आर्मीलाई सस्तैमा रोक्न रूपन्देहीका विष्णु कटरियाले ४ ओभरमा २ मेर्डनसहित ६ रन खर्चेर ५ विकेट हात पारे । यस्तै, सन्दीप मौर्यले ३ तथा रमेश कुर्मी र आकाश त्रिपाठीले १-१ विकेट हात पारे । आर्मीका पवन कार्कीले ३७, प्रदीपसिंह चाइसिरले १५ र जितेन्द्रसिंह ठकुरीले १३ रन बनाए पनि अन्य ब्याटर नचल्दा टीमले हार व्यहोर्यो । खेलमा रूपन्देहीका विष्णु कटरिया प्लेयर अफ द म्याच भई दुई हजार रुपैयाँ प्राप्त गरे ।

नेपालमै पहिलोपटक तीनवटा फर्म्याटमा दुई टीमबिच प्रतिस्पर्धा भइरहेको हो । दुई दिवसीय टेष्ट र एकदिवसीय सिरिज सकिएसँगै टि-ट्वान्टी सिरिज सुरु भएको प्रतियोगिता संयोजक प्रथम पराजुलीले जानकारी दिए । प्रतियोगितालाई भैरहवाका व्यवसायी हरिष सेठिया र सुनिल सेठियाले आफ्ना बुवा स्वर्गीय पवनकुमार सेठियाको स्मृतिमा मुख्य प्रायोजन गरेका छन् ।

प्रतियोगितामा विजेता टीमले ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन् । यस्तै, म्यान अफ द सिरिजले ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले २ हजार रुपैयाँ प्राप्त गर्ने छन् ।

यी दुबै पुरस्कार भैरहवाको लुम्बिनी नेत्रालय प्रालिले प्रायोजन गरेको छ ।

# नेकपा संयुक्त र वामपंथी केन्द्रबिच एकता

बुटवल । घनश्याम भूसाल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) र राजकुमार कक्षपति संयोजकत्वको नेकपा (वामपंथी केन्द्र) एक भएका छन् ।

दुई पार्टीबिच एकताका आधारमा मार्क्सवाद-लेनिनवाद तथा मानव जातीले प्राप्त गरेका स्वतन्त्रता र मुक्तिका मूल्यहरुको मार्गदर्शनमा कम्युनिस्ट आन्दोलनको अभ्यास र विकास गर्दै वैज्ञानिक समाजवादको ध्येयमा अगाडि बढ्ने रहेको छ ।

विश्व साम्राज्यवाद तथा वित्तीय पुँजीवादले सिर्जना गरेका सबै खालका असमानता, शोषण-दमन, विभेद, युद्ध, गरिबी आदिको विरुद्ध सबै राष्ट्रहरुको स्वतन्त्रता, स्वाधिनता, समानता, भ्रातृत्व, शान्ति तथा समाजवादको पक्षमा योगदान गर्ने भन्दै दुई दल मिलेका हुन् ।

दलाल पुँजीवादको ठाउँमा राष्ट्रिय पुँजीको विकास गर्दै १०/१२ वर्षमा सबै नेपालीलाई रोजगारी दिने उनीहरूको प्रतिबद्धता छ ।

भ्रष्टाचार, अपारदर्शिता, ढिलासुस्ती तथा अनियमितताको अन्त्य गरी सुशासनको स्थापना गर्दै, समाजवादको आधार तयार गर्ने कार्यभारलाई विस्तृतीकरण गरी आगामी राष्ट्रिय सम्मेलनबाट समाजवादको आजको ठोस कार्यभार रुपमा अगाडि सार्ने पनि उनीहरूले बताएका छन् ।

पार्टीका सबै सदस्यहरू आफ्नै उत्पादनमा बाँच्छन् भन्ने कुराको प्रत्याभूति, सबै कमिटी निर्वाचित हुने र सबै निर्णय संस्थागत हुने, नीतिगत सबै निर्णयमा कुनै कमिटीका सदस्यले मात्रै होइन, सबै सदस्यले भोट गर्न पाउनेलगायतका विषय समेत सम्झौतामा उल्लेख छ ।

हरेक कमिटीका उम्मेदवार पदाधिकारीहरुमाथि सार्वजनिक उजुरीको व्यवस्था, पदका कारणले आर्थिक हैसियत नबढ्ने कुराको ग्यारण्टी, कुनै पनि फौजदारी मुद्दा लागेको व्यक्तिको सदस्यता स्वतः निलम्बन हुने नीति अवलम्बन गर्ने भनिएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com